बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाण्डौं
बागमती प्रदेश, नेपाल

## अनुसूची-१

### (निर्णय नं.१४.२ सँग सम्बन्धित)

तपसिलमा उल्लेखित खर्च शीर्षकको सिमाभित्र रही खर्च गर्ने, लेखापरीक्षण गराउने, बेरुजु संम्परीक्षण गर्ने, गराउने समेत सम्पूर्ण जिम्मेवारी, दायित्व र जवाफदेहिता रहने गरी नगर अस्पताल निर्देशकलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ को उपदफा (२) वमोजिम अख्तियारी प्रत्यायोजनका विषयहरु:-

तपसिल

| सि.नं. | शीर्षक नं. | कार्यक्रम/क्रियाकलापको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | | चालु खर्चतर्फ | | |
| १. | २११३३ | बैठक भत्ता | १,००,०००।- | |
| २. | २२१११ | पानी तथा बिजुली | १०,००,०००।- | |
| ३. | २२२१२ | सञ्चार/इन्टरनेट | ४,००,०००।- | |
| ४. | २२२१२ | इन्धन | १,००,०००।- | |
| ५. | २२२२१ | मेसिनरी औजार मर्मत, सम्भार र सञ्चालन | ५,००,०००।- | |
| ६. | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ८,००,०००।- | |
| ७. | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | १,००,०००।- | |
| ८. | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर व्यवस्थापन | ३,००,०००।- | |
| ९. | २२५२२ | कार्यक्रम खर्च | १,००,०००।- | |
| १०. | २२७११ | औषधी तथा स्वास्थ्य उपकरण खरिद, प्रयोगशाला व्यवस्थापन र सञ्चालन | ६५,००,०००।- | |
| ११. | २७२१३ | विविध | १,००,०००।- | |
| | | चालुतर्फ जम्मा | १,००,००,०००।- | |
| | | पूँजीगत खर्चतर्फ | | |
| १. | ३११२२ | मेशिनरी तथा औजार | ३०,००,०००।- | |
| २. | ३११२३ | फर्निचर तथा फिक्स्चर | १०,००,०००।- | |
| ३. | ३११३४ | नगर अस्पतालको प्रशासनिक भवन तथा परिसर व्यवस्थापन | ६०,००,०००।- | |
| | | पूँजीगततर्फ जम्मा | १,००,००,०००।- | |
| | | कूल जम्मा | २,००,००,०००।- | |

मिठाराम अधिकारी
नगर प्रमुख

अख्तियारीका विशेष निर्देशन तथा अन्य थप विषयहरू :

१. स्वीकृत विनियोजन बमोजिमको रकम खर्च गर्दा सम्बन्धित खर्च शीर्षक र क्रियाकलापगत विनियोजनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ।

२. खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदनका लागि नेपाल सरकारबाट लागु गरिएको Sub-National Treasury Regulatory Application (SuTRA) कार्यान्वयनमा ल्याई सोही बमोजिम लेखाङ्कन र प्रतिवेदन गर्नुपर्नेछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएका कार्यक्रम/क्रियाकलाप नै कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टी गरिएको स्रोत स्वीकृत कार्यक्रमका लागि खर्च व्यहोरिने स्रोत मानिनेछ।

३. विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई नगरपालिकाको लक्ष्य अनुरुप राजश्व संकलन हुन नसक्ने देखिएमा वा नेपाल सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम तथा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम समेत राजश्व संकलनको अनुपातमा कमी भएमा सो अवस्थालाई गम्भीरतापूर्वक दृष्टिगत गरी बजेट खर्च गर्दा नगद प्रवाहको अवस्थालाई ध्यानमा राखी क्रियाकलाप/आयोजना/कार्यक्रमगत बाँडफाँड बमोजिमको रकम प्राथमिकताका आधारमा खर्च गर्नुपर्नेछ।

४. विनियोजित रकम खर्च गर्दा, विनियोजित रकममा रकमान्तर एवं श्रोतान्तर गर्दा बुढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०८१ मा र अन्य प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

५. स्थानीय तहको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने र महालेखा नियन्त्रक कार्यालयबाट आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गर्नुपर्ने कानूनी व्यवस्था भएकोले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा आय व्ययको विवरण तयार गर्नु पर्नेछ।

६. वित्तीय अनुशासन

- आवधिक रुपमा वित्तीय तथा भौतिक प्रगति तयार गरी सार्वजनिक गर्ने तथा कार्यालय र नगरपालिकाको वेवसाइट समेतमा राखे व्यवस्था मिलाउनुपर्नेछ।
- प्राप्त सबै आय स्थानीय तह राजश्व खातामार्फत् स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।
- जुन प्रयोजनको लागि रकम विनियोजन भएको हो सोही प्रयोजनको लागि मात्र रकम खर्च गर्नुपर्नेछ।
- पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न पाइने छैन।
- आय व्ययको वर्गीकरण तथा लेखाङ्कन प्रचलित संघीय, प्रदेश र स्थानीय कानूनले निर्धारण गरे बमोजिम राख्नुपर्नेछ।
- नगरपालिकाबाट तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गराई वित्तीय अनुशासनलाई कायम राख्नुपर्नेछ।

➤ आर्थिक कारोबार गर्दा देहायका कानूनहरु लगायत प्रचलित सम्पूर्ण कानूनी व्यवस्थाको कार्यान्वयनको पूर्ण जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु, गराउनुपर्नेछ।

ऐन तथा नियमहरू

१. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
३. बुढानीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०८१
४. बुढानीलकण्ठ नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८
५. बुढानीलकण्ठ नगरपालिकाको जनस्वास्थ्य ऐन, २०८०
६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
७. बुढानीलकण्ठ नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि, २०८०

निरारान अधिकारी
नगर प्रमुख